नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(मं.प. समिति तथा संवैधानिक निकाय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/ ०७४

च.नं. : ८२७८

मिति : २०७४।०२।१९

श्री सचिवज्यू,
स्वास्थ्य मन्त्रालय।

मिति २०७४।०२।१९ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

"प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणसम्बन्धी निर्देशिका, २०७४ स्वीकृत गर्ने विषयको स्वास्थ्य मन्त्रालयको प्रस्तावनं ३१।६-०७४।१।२५ मं.प.बै.सं ६-०७४ मिति २०७४।१।२५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा प्रस्तावसाथ प्रस्तुत निर्देशिकाको सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणसम्बन्धी निर्देशिका, २०७४" स्वीकृत गर्ने ।"

(राजीव गौतम)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल

# प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरण सम्बन्धी निर्देशिका

प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरणमा गुणस्तर कायम गर्न र सो को प्रभावकारी अनुगमन तथा निरीक्षण सम्बन्धी काम कारबाहीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरण सम्बन्धी निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको ९१ दिन देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "औषधि परामर्श परिषद्" भन्नाले औषधि ऐन, २०३५ को दफा ३ बमोजिमको औषधि परामर्श परिषद् सम्झनु पर्छ ।

(ख) "औषधि सल्लाहकार समिति" भन्नाले औषधि ऐन, २०३५ को दफा ४ बमोजिमको औषधि सल्लाहकार समिति सम्झनु पर्छ ।

(ग) "प्रमाणपत्र" भन्नाले दफा ४ वा ५ बमोजिम दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(घ) "प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण" भन्नाले अनुसूची-१ मा उल्लिखित सामग्री तथा उपकरण सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले औषधि व्यवस्था विभाग सम्झनु पर्छ ।

(छ) "सिफारिसपत्र" भन्नाले दफा ३ बमोजिम प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण निकासी वा पैठारी गर्न दिएको सिफारिसपत्र सम्झनु पर्छ ।

३. सिफारिसपत्र लिनु पर्ने : (१) प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उत्पादन गर्ने उद्योग स्थापना वा त्यस्तो सामग्री तथा उपकरणको निकासी पैठारी गर्न चाहने व्यक्तिले सिफारिसपत्रको लागि प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापनाको लागि अनुसूची-२ र त्यस्तो सामग्री वा उपकरणको निकासी पैठारी गर्नको लागि अनुसूची-३ बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा विभागले त्यस्तो निवेदन जाँचबुझ गरी प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उत्पादन गर्ने उद्योग स्थापनाको लागि अनुसूची-४ र त्यस्तो सामग्री तथा उपकरणको निकासी पैठारीको लागि अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई सिफारिसपत्र दिनु पर्नेछ ।

४. <u>प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण दर्ता गर्नु पर्ने</u> : (१) प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण नेपालभित्र बिक्री वितरण गर्नु अघि त्यस्तो सामाग्री वा उपकरण उत्पादन गर्ने वा नेपालभित्र पैठारी गर्ने व्यक्तिले अनुसूची-६ बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा विभागले निवेदनमा उल्लिखित प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण दफा ८ बमोजिमको राष्ट्रियस्तर बमोजिमको भए नभएको विषयमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लिखित प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण राष्ट्रियस्तर बमोजिमको भएमा विभागले त्यस्तो सामग्री वा उपकरण दर्ता गरी सम्बन्धित व्यक्तिलाई अनुसूची-७ बमोजिमको ढाँचामा दर्ता-प्रमाणपत्र दिनु पर्नेछ ।

५. <u>बिक्री केन्द्र, फर्म वा पसल दर्ता गर्नु पर्ने</u> : (१) बिक्री केन्द्र, फर्म वा पसल खोली कुनै प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको थोक वा खुद्रा बिक्री वितरण गर्न चाहने व्यक्तिले त्यस्तो बिक्री केन्द्र, फर्म वा पसल दर्ताको लागि अनुसूची-८ बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा विभागले त्यस्तो बिक्री केन्द्र, फर्म वा पसल दर्ता गरी निवेदकलाई अनुसूची-९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

६. <u>सिफारिसपत्र तथा प्रमाणपत्रको अवधि र नवीकरण</u> : (१) सिफारिसपत्र वा प्रमाणपत्रको अवधि त्यस्तो सिफारिसपत्र वा प्रमाणपत्र लिएको मितिले एक वर्षको हुनेछ ।

(२) सिफारिसपत्र वा प्रमाणपत्र नवीकरण गराउन चाहने व्यक्तिले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा एक महिना अगावै त्यस्तो सिफारिसपत्र वा प्रमाणपत्र नवीकरणको लागि विभागमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा विभागले आवश्यक जाँचबुझ गरी सिफारिसपत्र वा प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।

७. <u>अभिलेख राख्नु पर्ने</u> : विभागले यस निर्देशिका बमोजिम दिइएका सिफारिसपत्र तथा प्रमाणपत्रको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

८. <u>राष्ट्रियस्तर निर्धारण गर्ने</u> : (१) विभागले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको राष्ट्रियस्तर निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रियस्तर निर्धारण गर्दा प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डलाई आधार लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मापदण्ड उपलब्ध नभएको अवस्थामा प्रचलित अन्तर्राष्ट्रिय मान्यता समेतका आधारमा प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको राष्ट्रियस्तर निर्धारण गरिनेछ ।

(४) यस दफा बमोजिम राष्ट्रियस्तर निर्धारण गर्दा मानव तथा पशु स्वास्थ्यमा पर्ने असर तथा जोखिम समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

९. राष्ट्रियस्तर बमोजिमको हुनु पर्ने : नेपालभित्र उत्पादन, पैठारी तथा बिक्री वितरण गरिने कुनै पनि प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण दफा ८ बमोजिमको राष्ट्रियस्तर बमोजिमको हुनु पर्नेछ ।

१०. गुणस्तर परीक्षण : (१) दफा ८ बमोजिम निर्धारण गरिएको राष्ट्रियस्तरको आधारमा कुनै प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको गुणस्तर रहे नरहेको सम्बन्धमा उद्योग मन्त्रालय अन्तर्गतको नाप तौल तथा गुणस्तर विभागबाट परीक्षण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर परीक्षण हुन नसकेमा विभाग अन्तर्गत रहेको राष्ट्रिय औषधि प्रयोगशाला तथा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट त्यस्तो सामग्री वा उपकरणको गुणस्तर परीक्षण गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम परीक्षण हुन नसकेमा औषधि परामर्श परिषद्को परामर्श वा औषधि सल्लाहकार समितिको सल्लाहमा विभागले तोकेको अन्तर्राष्ट्रियस्तरको प्रयोगशालाबाट त्यस्तो सामग्री वा उपकरणको गुणस्तर परीक्षण गरिनेछ ।

११. उत्पादन वा पैठारी गर्न नपाइने : (१) दफा ८ बमोजिमको राष्ट्रियस्तर बमोजिम गुणस्तर कायम नभएको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण नेपालभित्र उत्पादन वा पैठारी गर्न पाइने छैन ।

(२) कुनै पनि मुलुकमा एक पटक प्रयोग भइसकेको, पुरानो, मर्मत गरिएको वा पुनर्निर्मित प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण नेपालभित्र पैठारी गर्न वा गराउन पाईने छैन ।

१२. एजेन्ट मार्फत निकासी वा पैठारी गर्न सक्ने : सिफारिसपत्र लिई निकासी पैठारी गर्ने व्यक्तिले निजको आधिकारिक एजेन्ट मार्फत प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको निकासी पैठारी गर्न सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “आधिकारिक एजेन्ट” भन्नाले दफा ३ बमोजिम प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको निकासी वा पैठारी गर्ने उद्देश्यले सिफारिसपत्र लिएको कुनै व्यक्तिले त्यस्तो कार्य गर्न निजले आफ्नो एजेन्टको रूपमा विभागमा दर्ता गराएको व्यक्ति सम्झनु पर्छ ।

१३. <u>अधिकतम खुद्रा मूल्य तोक्न सक्ने</u> : विभागले औषधि परामर्श परिषद्को परामर्श वा औषधि सल्लाहकार समितिको सल्लाह र प्रथामिकताका आधारमा प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको अधिकतम खुद्रा मूल्य तोकिनेछ ।

१४. <u>सेवा शुल्क तथा दस्तुर लिन सक्ने</u> : विभागले सिफारिसपत्र वा प्रमाणपत्र दिंदा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर लिन सक्नेछ ।

१५. <u>परीक्षण खर्च</u> : यस निर्देशिका बमोजिम प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको कुनै परीक्षण गर्नु पर्ने भएमा त्यस्तो परीक्षण गर्दा लाग्ने खर्च त्यस्तो सामग्री वा उपकरणको उत्पादन वा पैठारी गर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

१६. <u>अनुगमन तथा निरीक्षण गर्न सक्ने</u> : (१) विभागले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको उत्पादन, निकासी, पैठारी तथा बिक्री वितरणका सम्बन्धमा नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विभागले औषधि सल्लाहकार समितिको सल्लाहमा अनुगमन तथा निरीक्षण गर्नु पर्ने प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको प्राथमिकता क्रम निर्धारण गर्न सक्नेछ ।

१७. <u>प्रचलित कानून बमोजिम कारबाही हुने</u> : (१) यस निर्देशिका विपरीतको कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

अनुसूची-१

दफा २ को खण्ड (घ) सँग सम्बन्धित

<u>प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणहरू (HTP)</u>

1. Medical non-durables and consumables: Example: surgical commodities (gauge, bandages, cottons, surgical gloves, catheters, disposable syringes, sutures and catguts, dental fixtures etc)

2. Optical appliances. Spectacles, contact lens/ solution, sunglasses, Intraocular Lens etc.

3. Orthopedic and prosthetic implants/instruments; Example: Artificial limb, implants like prosthesis, screw plate, nail, rod, orthopedic instruments.

4. Medical devices (durables); Example: Heart valve, pacemaker, stents, catheter.

5. Medical equipments (life saving and rehabilitation products); Example: ventilator, defibrillator, anesthesia machine, oxygen concentrator, walker, wheelchairs, crutches and other rehabilitation aid products, physiotherapy equipments.

6. Medical equipments (invasive diagnostic); Example: ultrasound, MRI, endoscopy.

7. Medical devices and reagents (Radio-imaging and radiotherapy); Example: X-ray, CT scan, C-arm. Other medical equipments: Example: ECG, EMG etc.

8. Laboratory equipments, reagents and kits for in-vivo and in-vitro tests, at pathological; Example: Elisa reader, HPLC, Infrared spectrophotometer, UV spectrophotometer, pH meter etc.

9. Laboratory equipments, reagents and kits for in-vivo and in-vitro tests, at pharmaceutical laboratories; Example: Elisa reader, HPLC, Infrared spectrophotometer, UV spectrophotometer, pH meter etc.

10. In-vivo and in-vitro diagnostic chemicals, reagents and kits

11. Nutritional/food supplements not regulated by Drug Act or Food Act like Multivitamin, Multi-minerals, antioxidant etc.

12. Common pharmaceutical products for oral and topical use not regulated by Department of Drug Administration (DDA) as Over-the-Counter (OTC) medicines.

13. Cosmetic items though are not health products; they can be hazardous to health. Examples – materials used for beautification, cosmetics and toiletries, ornaments with molybdenum, arsenic and heavy metal contamination.

14. Supportive devices, accessories and consumables for medical equipments: Example. ECG paper, ultrasound paper, x-ray film, x-ray chemicals, back-up UPS for medical devices, stabilizer back-up for medical devices, lead glass, lead sheet to protect from radiation hazards etc.

15. Radio-isotopes and accessories for nuclear medicines.

16. Blood and blood components, blood bags, test list/reagent, chemical, instruments, storage and component separate device/machine/ equipment etc.

17. Home Health care product like Glucometer, Pregnancy test kit, BP monitors, Thermometer etc.

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापनाको सिफारिसपत्रको लागि दिने निवेदनको ढाँचा**

श्री महानिर्देशक,
औषधि व्यवस्था विभाग ।

विषय : प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापनाका लागि सिफारिसपत्र पाऊँ ।

महोदय,

देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापना गर्न मेरो/हाम्रो इच्छा भएकाले सो को सिफारिसपत्र लिनको लागि देहायका विवरणहरू खुलाइ मैले/हामीले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम निवेदन पेश गरेको छु/गरेका छौं ।

१. प्रस्तावित प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योगको,-
   (क) नाम :
   (ख) स्थापना गरिने स्थान : (जिल्ला, नगरपालिका वा गाउँपालिकाको नाम र वडा नम्बर खुलाउने)
   (ग) अनुमानित पूँजी र सो को स्रोत :
   (घ) स्थापना सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययन प्रतिवेदन संलग्न छ वा छैन? :
   (ङ) स्थापना गरिने क्षेत्र समेत देखाइएको योजनाको नाप नक्शा संलग्न छ वा छैन? :

२. प्रस्तावित उद्योगबाट उत्पादन गरिने प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको विवरण :
   (क) आवश्यक कच्चा पदार्थको विवरण र त्यसको स्रोत :
   (ख) मेशीन आवश्यक भएमा सम्भव भएसम्म सो को विवरण :
   (ग) उद्योग स्थापना हुने भवन वा घरको विवरण :

निवेदकको,-
दस्तखत :
नाम, थर :
ठेगाना :
मिति :

अनुसूची-३

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको निकासी वा पैठारीको सिफारिसपत्रको लागि निवेदनको ढाँचा

श्री महानिर्देशक,
औषधि व्यवस्था विभाग ।

महोदय,

देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको निकासी वा पैठारीको लागि सिफारिसपत्र लिन चाहेकोले देहायको विवरण खुलाई मैले/हामीले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम यो निवेदन दिएको छु/दिएका छौं ।

निकासी वा पैठारी गर्न चाहेका प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको विवरण :-

| क्र.सं. | नाम | बनावट/किसिम | उत्पादन गर्ने मुलुक | निकासी वा पैठरी गरिने मुलुक | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

निवेदकको,-
दस्तखत :
नाम, थर :
ठेगाना :
मिति :

अनुसूची-४

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

औषधि व्यवस्था विभाग

<u>प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापनाको सिफारिसपत्रको ढाँचा</u>

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योग स्थापना गर्नको लागि दहायका कुराहरू खलाई यो सिफारिसपत्र दिइएको छ ।

१. स्थापना गर्न सिफारिस भएको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण उद्योगको,-

(क) नाम :

(ख) स्थापना हुने स्थान :

(ग) अनुमानित पूँजी :

२. उद्योगबाट उत्पादन गरिने प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको विवरण :

| नाम | बनावट/किसिम | कैफियत |
|---|---|---|
| | | |

सिफारिसपत्र दिने अधिकृतको,-

दस्तखत :

नाम, थर :

पद :

मिति :

कार्यालयको छाप :

अनुसूची-५

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय


औषधि व्यवस्था विभाग

<u>प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण निकासी/पैठारीको सिफारिसपत्रको ढाँचा</u>

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण निकासी/पैठारी गर्नका लागि दहायको विवरण खुलाई यो सिफारिसपत्र दिइएको छ ।

<u>निकासी/पैठारी गर्न सिफारिश गरिएको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी विवरण</u> :-

| क.सं. | नाम | बनावट/किसिम | उत्पादन गर्ने देश | निकासी वा पैठारी गरिने मुलुक | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |



सिफारिसपत्र दिने अधिकृतको,-

दस्तखत :

नाम, थर :

पद :

मिति :

कार्यालयको छाप :

अनुसूची-६

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरणको प्रमाणपत्रको लागि दिने निवेदनको ढाँचा

श्री महानिर्देशक,

औषधि व्यवस्था विभाग ।

महोदय,

देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण गर्नको लागि प्रमाणपत्र लिन चाहेकोले देहायको विवरण खुलाई मैले/हामीले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम यो निवेदन दिएको छु/दिएका छौं ।

बिक्री वितरण गर्न चाहेका प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको विवरण :-

| क.सं. | नाम | बनावट/किसिम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

निवेदकको,-

दस्तखत :

नाम, थर :

ठेगाना :

पद :

मिति :

अनुसूची-७

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण प्रमाणपत्र

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण गर्ने उद्देश्यले प्रामणपत्र प्राप्त गर्न मिति ............... मा प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी देहायको विवरण खुलाई प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम यो दर्ता-प्रमाणपत्रपत्र दिइएको छ ।

बिक्री वितरण गर्न दर्ता गरिएका प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको विवरण :-

| क.सं. | नाम | बनावट/किसिम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

प्रमाणपत्र दिने अधिकृतको,-

दस्तखत :

नाम, थर :

पद :

मिति :

कार्यालयको छाप :

अनुसूची-८

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री केन्द्र, फर्म वा पसल सञ्चालनको प्रमाणपत्रको लागि दिइने निवेदनको ढाँचा

श्रीमान महानिर्देशक ज्यू
औषधि व्यवस्था विभाग ।

महोदय,

देहायको प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण बिक्री वितरणका लागि देहायको बिक्री केन्द्र/फर्म/पसल दर्ता गरी प्रमाणपत्र लिन चाहेकोले देहायका विवरणहरू खुलाई मैले / हामीले प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५ को उपदफा (१) बमोजिम यो निवेदन दिएको छु/दिएका छौं ।

१. प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण बिक्री वितरण बिक्री केन्द्र, फर्म वा पसलको,-

| नाम | स्थान | धनीको नाम, थर | | धनीको ठेगाना | अनुमानित पूँजी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | १. | | | | |
| | | २. | | | | |

२. प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण गरिने किसिम : खुद्रा / थोक

निवेदकको,-
दस्तखत :
नाम, थर :
ठेगाना :
मिति :

अनुसूची -९

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण बिक्री केन्द्र/फर्म/पसल सञ्चालनको प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण बिक्री केन्द्र/फर्म/पसल सञ्चालन प्रमाणपत्र

प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण (थोक/खुद्रा) गर्ने उद्देश्यले बिक्री केन्द्र/फर्म/पसल सञ्चालनको प्रामणपत्र प्राप्त गर्न मिति ............... मा प्राप्त निवेदन बमोजिम देहायको विवरण खोली प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५ को उपदफा (२) बमोजिम यो प्रमाणपत्रपत्र दिइएको छ ।

१. प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरण बिक्री केन्द्र/फर्म/पसलको,-

| नाम | स्थान | धनीको नाम, थर | | धनीको ठेगाना | अनुमानित पूँजी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | १. | | | | |
| | | २. | | | | |

२. प्रविधिजन्य स्वास्थ्य सामग्री वा उपकरणको बिक्री वितरण गरिने किसिम : खुद्रा / थोक

प्रमाणपत्र दिने अधिकृतको,-

दस्तखत :

नाम, थर :

पद :

मिति :

कार्यालयको छाप :